# डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड (वित्तीय संस्था)
# कमलादी, काठमाण्डौंको
# सातौं वार्षिक साधारण सभाको
# अभिलेख (माइन्यूट)

## १. वैधानिक सभा

डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेडको मिति २०६४ कार्त्तिक १८ गते बसेको संचालक समितिको निर्णयानुसार कम्पनी ऐन २०६३ र यस बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम सातौं वार्षिक साधारण सभा बैंकको संचालक समितिका अध्यक्ष श्री कृष्णलाल महर्जनज्यूको सभापतित्वमा निम्नलिखित मिति र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

## २. सातौं वार्षिक साधारण सभा बसेको मिति, समय र स्थानः

१) मिति : २०६४ पौष २८ गते (January 12, 2008) शनिवार
२) समय : अपरान्ह १:०० बजे
३) स्थान : प्रज्ञा भवन, कमलादी, काठमाडौं

## ३. सभाको सूचनाः

क) यस बैंकको मिति २०६४ साल कार्त्तिक १८ गते बसेको संचालक समितिको निर्णयानुसार सातौं वार्षिक साधारण सभाको सूचना नेपाल समाचारपत्र दैनिकमा २०६४ साल पौष १ गते र कान्तिपुर दैनिकमा २०६४ साल पौष २ गते प्रकाशित गरिएको कम्पनी सचिवले सभामा जानकारी दिनुभयो ।

ख) साधारण सभा बस्ने सूचनाको साथै संचालक समितिको प्रतिवेदन, २०६४ साल आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०६३/०६४ को नाफा–नोक्सान हिसाब तथा सोही अवधिको नगद–प्रवाह विवरण आदि समेत समाहित पुस्तिका शेयरधनी महानुभावहरुको उपलब्ध ठेगानाहरुमा कुरियर र हुलाक मार्फत पठाईएको पनि कम्पनी सचिवले जानकारी दिनुभयो ।

## ४. सातौं वार्षिक साधारण सभाको छलफल तथा निर्णयका लागि निर्धारित विषयसूचीः

### क. सामान्य प्रस्ताव

१. सातौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६४ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०६३/०६४ को नाफा-नोक्सान हिसाब तथा नगद-प्रवाह विवरण छलफल गरी स्विकृत गर्ने ।
३. आर्थिक वर्ष २०६४/०६५ को लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक पारित गर्ने ।
४. बैंकको जारी तथा चुक्ता पुंजी बृद्धि गर्ने सम्बन्धी सामान्य प्रस्ताव र सो सम्बन्धी प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्ताव ।

## ख. विशेष प्रस्ताव

१. सञ्चालक समितिले पारित गरे बमोजिम बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव र सोको लाभांश करको प्रयोजनको लागि नगद लाभांस स्विकृत गर्ने सम्बन्धी सामान्य प्रस्ताव ।

२. अधिकृत पुंजी बृद्धि तथा नाम संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव र सो सम्बन्धी प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्ताव ।

३. "क" वर्गको वाणिज्य बैंकमा स्तर बृद्धि हुने तथा सोको लागि आवश्यक पर्ने पुंजी, उद्देश्य, कार्यक्षेत्र, नाम परिवर्तन लगायतका यावत काम कारवाहीहरु समेट्ने गरी बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

## ग. विविध

१. अन्य

## ५. उपस्थितिः

### ५.१ सञ्चालकहरुको उपस्थिति

| | | |
|---|---|---|
| क) श्री कृष्णलाल महर्जन | - | अध्यक्ष |
| ख) श्री देवराज राजभण्डारी | - | सञ्चालक (संस्थापक समूह) |
| ग) श्री जगदिशकुमार अग्रवाल | - | सञ्चालक (संस्थागत समूह) |
| घ) श्री केशवप्रसाद अधिकारी | - | सञ्चालक (व्यावसायीक) |
| ङ) श्री कृष्णहरि भण्डारी | - | सञ्चालक (सर्वसाधारण शेयरधनी समूह) |
| च) श्री पूर्णमान शाक्य | - | सञ्चालक (संस्थापक समूह) |
| छ) श्री प्रज्वल श्रेष्ठ | - | सञ्चालक (संस्थापक समूह) |
| ज) श्री रोमिलाल श्रेष्ठ | - | सञ्चालक (संस्थापक समूह) |

### ५.२ अन्य पदाधिकारी

| | | |
|---|---|---|
| क) श्री सुधीरबाबु खत्री | - | प्रमुख कार्यकारी अधिकृत/प्रेसिडेन्ट |
| ख) श्री शैलेन्द्रकुमार दाहाल | - | कानुनी सल्लाहकार |
| ग) श्री कुमुद त्रिपाठी | - | प्रतिनिधी, आर. बज्राचार्य एण्ड कम्पनी (लेखापरीक्षक) |
| घ) श्री नारायणलाल श्रेष्ठ | - | कम्पनी सचिव |

## ६. शेयरधनीहरूको उपस्थिति

| | | |
|---|---|---|
| क) शेयरधनी स्वयं | - | ७७२ |
| ख) प्रोक्सीबाट | - | - |
| ग) जम्मा उपस्थित | - | ७७२ |

## ७. गणपूरक संख्या

| विवरण | कुल संख्या | स्वयं उपस्थित | जम्मा बिक्री भएको शेयरको प्रतिशत |
|---|---|---|---|
| शेयरधनी | १५,५२५ | ७७२ | - |
| बिक्री भएको शेयर संख्या | २६,८८,००० | १८,४१,०७२ | ६८.५% |

## ८. सभाको वैधानिकताः

सर्वप्रथम कम्पनी सचिवले कम्पनी ऐन २०६३ को दफा ६७ (२) र यस बैंकको प्रबन्धपत्र तथा नियमावलीको दफा ४ (३) मा उल्लेख भए बमोजिम सभा बोलाइएको र सभाको लागि आवश्यक गणपूरक संख्याको हकमा कम्पनी ऐनको दफा ७३ (२) तथा बैंकको नियमावलीको दफा ५ मा उल्लेख भएको आवश्यक स्वयं उपस्थित शेयरधनीहरु ३ जनाभन्दा बढी माथि उल्लेख भए बमोजिम ७७२ जना उपस्थित हुनु भएको र बिक्री भएको कुल शेयर संख्याको प्रतिशतले ५०% भन्दा बढीको प्रतिनिधित्व ६८.५% पुगेको हुँदा सभा संचालनको लागि कुनै कानुनी व्यवधान नरहेको देखिएको व्यहोरा शेयरधनी महानुभावहरुमा अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन २०६३ को दफा ७४ (१) र यस बैंकको नियमावलीको दफा ६ (१) मा व्यवस्था भए बमोजिम कम्पनी सचिवले यस सभाको सभापतित्व गरिदिन बैंकका सञ्चालक समितिका अध्यक्षलाई अनुरोध गर्नु भएपछि बैंकका सञ्चालक समितिका अध्यक्ष श्री कृष्णलाल महर्जनज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो ।

बैंकका कार्यकारी प्रमुख तथा प्रेसिडेन्ट श्री सुधीरबाबु खत्रीले उपस्थित शेयरधनीहरुलाई स्वागत गर्नुका साथै बैंकको स्थितिबारे छोटकरीमा प्रकाश पार्नुभयो । सभामा उपस्थित बैंकका सञ्चालकहरुको परिचय पनि प्रस्तुत गरियो ।

## ९. सातौं वार्षिक प्रतिवेदनको प्रस्तुतीः

सभाको विषयसूची अनुसार श्री कृष्णलाल महर्जनज्यूले संचालक समितिको सातौं वार्षिक प्रतिवेदन २०६३/०६४ पढेर सुनाउनुभयो तथा वार्षिक प्रतिवेदन, प्रेषित वासलात, नाफा-नोक्सान हिसाब, सोही अवधिको नगद-प्रवाहको विवरण तथा लेखापरीक्षकको प्रतिवेदन आवश्यक स्विकृतीको लागि पेश भएकोमा छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुलाई आ-आफ्नो जिज्ञासा तथा रचनात्मक सुझावको लागि आमन्त्रण गर्नुभयो ।

**निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरु राख्नुभयो ।**

१) डा. माधव कुमार श्रेष्ठ
२) श्री मेजर कुवेर श्रेष्ठ
३) श्री असोक उप्रेती
४) श्री शेषराज शिवाकोटी
५) श्री शिवप्रसाद शर्मा
६) श्री श्यामप्रसाद न्यौपाने
७) श्री अमृतनाथ रेग्मी
८) श्री अमिरदास रंजीत
९) श्री जयन्द्रमान सिं बानिया
१०) श्री इन्द्रकृष्ण श्रेष्ठ
११) श्री रामगोपाल महर्जन
१२) श्री लिलाधर तिवारी

**निम्न वक्ता शेयरधनीहरुको मन्तव्य निम्न बमोजिम छोटकरीमा टिप्पणी गरिएको छ ।**

## १) डा. माधव कुमार श्रेष्ठ

- बैंकले वार्षिक साधारण सभा समयभित्र सम्पन्न गरेकोमा धन्यवाद दिनुभयो ।
- बैंकबाट १२% बोनस शेयर दिएकोमा धन्यवाद दिनुभयो ।
- बैंकले 'क' वर्गको स्थानमा Upgrade हुने विशेष प्रस्तावमा पनि खुशी प्रकट गर्नुभयो ।
- १:३ हकप्रद शेयर दिएकोमा पनि धन्यवाद दिनुभयो ।

उहाँले निम्न विषयहरुमा जिज्ञासा राख्नुभयो ।

- चालु आ.व. २०६४/०६५ को Annual Net Profit Target कति हो ?
- आ.व. २०६३/०६४ को तुलनामा आ.व. २०६४/०६५ को Annual Net Profit Growth Target कति हो ?
- कम्पनी ऐनमा व्यवस्था भएको लेखापरिक्षण समितिको कार्य अन्तर्गत रहेको Internal Financial Control System र Risk Management System बारे बैंकमा विद्यमान स्थिति बारे जिज्ञासा राख्नु भयो ।
- बैंकमा व्यवसायीक संचालकको Professional Performance Standard बारे जिज्ञासा राख्नुभयो ।
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५२ मा प्रावधान भए बमोजिम २०६३/०६४ को कुन मितिमा नेपाल राष्ट्र बैंकले स्थलगत निरिक्षण गरेको र के-कस्ता निर्देशन प्राप्त भै के-कति कार्यान्वयन भयो ? भनि जिज्ञासा राख्नुभयो ।
- हालै नेपाल राष्ट्र बैंकबाट Margin Lending रोक्का गर्न दिएको निर्देशनबाट यस बैंकलाई कति असर पऱ्यो र DCBL को यस प्रकारको Lending कति रकम रहेको भन्ने जिज्ञासा राख्नुभयो ।
- Corporate Leadership Prescription by Ten Letter Word 'Leadership' को महत्वबारे छोटकरीमा प्रकाश पार्नुभयो ।

## २) श्री मेजर कुवेर श्रेष्ठ

- सात वर्षमै वाणिज्य बैंकमा परिणत हुने आँट गरे अनुसार वाणिज्य बैंकमा जान सकेकोमा खुशी व्यक्त गर्नुभयो ।
- बैंकको Team Work मा Appreciate गर्नुभयो ।
- नारीहरुबाट संचालित न्युरोड स्थित Branch पनि प्रसंसनीय छ किनभने यसले थोरै समयमै राम्रो Deposit Collection गर्न सकेको देखिन्छ ।
- Right Share 1:3 प्रदान गरेको पनि प्रसंसनीय छ ।
- Balance Sheet मा पुरानै ढंगबाट Present गरिएको र बैंकको प्रगतिको गति र राम्रा विज्ञ कर्मचारी भएको यस बैंकको वार्षिक प्रतिवेदनको Presentation नयाँ ढंगबाट Economic Growth को असर तथा विश्व आर्थिक स्थितिलाई समेत समाहित गरि गर्नु पर्ने सुझाव राख्नुभयो ।
- Non–Banking Asset बारे जानकारी माग गर्नुभयो ।

– Himalayan Distillery मा रहेको बैंकको Share बारे जिज्ञासा राख्नुभयो ।
– कानुनी खर्च विल्कुल नभएकोमा व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।
– Corporate Social Responsibility अन्तर्गत संभव भएमा अहिलेलाई धादिङ्ग, नुवाकोट, रामेछाप, दोलखा ४ जिल्लाका गरिब जेहेन्दार विद्यार्थीहरुको लागि DCBL छात्रवृत्ति दिन सकिने भएमा राम्रो हुने आफ्नो राय व्यक्त गर्नुभयो ।

## ३) श्री अशोक उप्रेती

– यो बैंक Development Bank बाट Commercial Bank मा जान लागेकोमा खुशी प्रकट गर्नुभयो ।

## ४) श्री शेषराज शिवाकोटी

- बैंकको Upgrade हुन लागेकोमा सबैलाई धन्यवाद दिनुभयो ।
– गत वर्षहरुको प्रगतिलाई हेरि CEO लगायत अन्य कर्मचारीलाई पनि धन्यवाद दिनुभयो र विशेषत CEO का अथक प्रयासको लागि Special Thanks दिनुभयो ।
– वाणिज्य बैंक भैसकेपछि पनि Best 15 मा आउने लक्ष्य प्रसंसनीय छ ।
– ९ औं वर्षको AGM नयाँ भवनमा हुने आशा व्यक्त गर्नुभयो ।
– Retained Earnings अलिकति बढी भयो कि भन्ने जिज्ञासा राख्नुभयो ।
– नारीबाट संचालित शाखा कार्यालय खुले जस्तै बैंकबाट विभिन्न नयाँ भिन्नै खालका Scheme हरु ल्याउन ध्यान दिनुपर्ने, विद्यार्थीहरु, शेयरहोल्डरलाई वा अन्य वर्गलाई पनि फाइदा हुने खालका Scheme हरुको खोजी हुनुपर्ने सल्लाह दिनुभयो ।
– बैंकको उत्तोत्तर कामनाको साथै Commercial Bank को रुपमा पनि आफैमा छुट्टै पहिचान गराउन सफल होस् भनि कामना गर्नुभयो ।

## ५) श्री शिवप्रसाद शर्मा

– सात वर्षको अवधिमा निरन्तर लाभांस दिंदै आएको हुँदा CEO लगायत अन्यलाई धन्यवाद दिनुभयो ।
– नारी संचालित बैंक जस्तै शेयरधनीहरुलाई पनि समावेश गर्न सकिन्थ्योकी भन्ने जिज्ञासा राख्नुभयो ।
– ३/४ वर्ष भित्रै आफ्नै भवनमा AGM गर्न सकिने आशा गर्नुभयो ।
– Right Share Issue भएपछि Remittance र Hydro Projects जस्तो क्षेत्रमा जान सकिने राय दिनुभयो ।
– शेयरधनीको आवाजलाई कदर गर्दै आएकोमा पनि धन्यवाद दिनुभयो ।
– हालसम्म प्रदान गर्न बाँकी लाभांसलाई नीजहरुको बैंकमा खाता खोली राखिदिनु भएमा शेयरधनीहरु र बैंकलाई फाइदै हुन्छ भन्ने सुझाव दिनुभयो ।
– बीमाको कार्य पनि व्यवस्था गर्नहुन सुझाव दिनुभयो ।

## ६) श्री श्यामप्रसाद न्यौपाने

- DCBL ले राम्रो कारोवार र Goodwill Maintain गर्न सकेकोमा CEO लगायतलाई धन्यवाद दिनुभयो ।
- DCBL लाई Commercial Bank मा परिणत गर्न सकेकोमा बैंक तथा शेयरधनीका प्रतिनिधि बैंकका सञ्चालक श्री कृष्णहरि भण्डारीलाई पनि धन्यावाद दिनुभयो ।
- Capital Growth भए सरह सोही अनुपातमा Profit गर्न निक्षेप संकलन र Lending हुन सक्छ वा सक्दैन भन्ने जिज्ञासाको सिलसिलामा काठमाण्डौं स्थित नारी संचालित शाखामा Deposit Collection मा समय सीमाको कुरा (Evening Time मा नहुने) जानकारी गराउनु भयो ।
- System Develop नभएको कारणले पनि Deposit Collection मा बाधा पर्ने कुराको उदाहरण सहित आजको Banking System मा Deposit Collection/ Lending यथाशक्य छिटो सजिलो र भरपर्दो हुनुपर्ने विचार राख्नुभयो ।
- बैंकको पुँजी रु. १ अरबभन्दा बढी भएपछि Profit Target करिव ४०/४५ करोड बनाउने लक्ष्य हुनुपर्‍यो र कमसेकम रु. १० अरबभन्दा बढी Deposit Mobilization गर्नुपर्ने र हालको Deposit अकं हेर्दा यो काम छिटो से छिटो गर्नुपर्ने सल्लाह दिनुभयो ।
- Deposit Collection को हकमा कम Cost को Deposit मा विशेष ध्यान दिन सुझाव दिनुभयो ।
- नेपाल राष्ट्र बैंकको टिप्पणीमा उल्लेखित ३ नं बारे स्पष्ट पार्न हुन अनुरोध गनुभयो ।
- हालसम्मको उपलब्धी राम्रो छ, यो जोश र कार्यक्षमता कायम रहोस् भन्ने कामना गनुभयो ।

## ७) श्री अमृतनाथ रेग्मी

- विकास बैंकको समुहमा Top भए झै विकास बैंक हुंदा गरेको Goodwill, Efficiency, Profit आदी Maintain गर्नुपर्‍यो ।
- बैंकलाई १:३ अनुपातमा Right Share दिएकोमा शायद सबै विक्री नै होला भन्ने विश्वास गर्नुको साथै Commercial Bank को रुपमा निम्न नयाँ Area मा पनि ध्यान जानु पर्ने राय व्यक्त गर्नुभयो ।
- Portfolio Managment
- Mutual fund
- Investment Banking

उल्लेखित क्षेत्रमा हालसम्म नेपालमा खास केहि पनि नभएकोले यी क्षेत्रहरुको सम्बन्धमा राम्ररी अध्ययन गरी लागू गरेमा राम्रो आम्दानी हुन सक्ने सुझाव दिनुभयो ।

- यस बैंकको गत सालहरुको Performance & Result लाई ध्यानमा राखी केहि अंश अर्थात ५% Share बढाबढमा गैर शेयरवालाहरुलाई बिक्री गरे बैंकप्रतिको आस्था, विश्वास बारे बुझ्न र बैंकलाई बढी पैसा समेत संकलन हुन्थ्यो कि भन्ने सुझाव राख्नुभयो ।
- International Partner को लागि पनि विचार गर्नु पर्‍यो र यसमा Equity Partner को रुपमा भेटाउन राम्रो हुने र L/C Business बाट धेरै फाइदा पाउन सकिने संभावना बारे सुझाव दिनुभयो ।

- DCBL Remittance को आफ्नो Brand को Business विदेशी सँग Partnership गरि कार्य शुरु गर्न सुझाव दिनुभयो ।
- Equity Lending बारे पनि ध्यान दिन पनि सुझाव दिनुभयो ।
- Non Funded Business, Foreign Exchange Placement, Foreign Exchange Transaction बाट कमिशन आम्दानी कमाउन सकिने संभावना भएको हुँदा यसबारे राम्रो अध्ययन भई काम शुरु गर्नुपर्ने सल्लाह दिनुभयो ।
- उल्लेखित काम शुरु गर्न Organization Structure, Existing Working Place आदिमा पनि यथेष्ट ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।
- बैंकको शाखा सम्बन्धमा Profit Area Identify गरेर मात्र आवश्यक संख्या र ठाउँ यकिन गर्न सुझाव दिनुभयो ।
- Deposit Mobilization को लागि नयाँ Teachniques Introduce गर्नुपर्ने राय दिनु भयो ।
- KYC एक Special System Develop गर्नुपर्ने सुझाव दिनुभयो ।
- धितो मूल्यांकन बारे पनि राम्ररी ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।
- Bank भित्र Security बारे पनि ध्यान दिनु पर्ने सुझाव दिनुभयो ।
- Staff Retention को लागि Share option को सुविधा दिनुपर्ने सल्लाह दिनुभयो ।

## ८) श्री अमिरदास रंजित

- Bonus Share 12% दिएकोमा धन्यवाद दिनुभयो ।
- हकप्रद Share पनि दिनु भएकोमा धन्यवाद दिनुभयो ।
- Bonus को कारण आउने Fraction Share सम्बन्धमा चलिआएको व्यवस्था अनुसार टुंग्याइदिने बारे अनुरोध गर्नु भयो ।
- वार्षिक प्रतिवेदनमा Board Directors को सूचीमा कुन वर्गको प्रतिनिधित्व गरेको हो सो इंगित गर्नुपर्ने बारे राय दिनुभयो ।
- हाल अन्य बैंकहरुले पनि शुरु गर्दै आएको Zero Balance मा खाता खोल्ने कार्य शुरु गर्दा Deposit Collection मा सघाउ पुग्ने हुंदा सो शुरु गर्न सुझाव दिनुभयो ।
- बैंकको शाखाहरु पोखरा र न्युरोडमा राम्रो भएको र अझ न्युरोड शाखामा राम्रो Collection देखिन आएको हुँदा यस्ता शाखा खोल्न र प्रोत्साहन गर्न र आवश्यक सुविधा समेत यी शाखामा प्रदान गर्न सुझाव दिनुभयो ।

## ९) श्री जयन्द्र मान सिं वानिया

- DCBL को बजारमा राम्रो Reputation भएकोमा अव Commercial Bank मा परिणत भैसकेपछि पनि सो निरन्तरता जारी हुनपर्ने बारे आफ्नो राय दिनुभयो ।
- DCBL सँगै ‘C’ Grade को अर्को वित्तीय संस्था पनि निकट भविष्यमै Commercial Bank मा Upgrade हुन लागेको सन्दर्भमा उहाँले त्यस्ता बैंक र DCBL का वित्तीय सूचकांकहरु रोचकपाराले तुलनात्मक व्याख्या गर्नुभयो र DCBL Commercial Bank मा Upgrade हुने हुँदा ती वित्तीय सूचकांकहरुमा सुधार ल्याउन विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

- DCBL को हालको वित्तीय अवस्था, व्यवस्थापन क्षमता आदिबारे सकारात्मक भएको आफ्नो टिप्पणी दिनुभयो र हाल बजारको प्रतिस्पर्धाको स्थितिलाई ध्यानमा राखी व्यवस्थापनले Business Expansion को दृष्टिले शाखा कार्यालय स्थापनाको लागि उचित Location मा राम्रो ध्यान दिनुपर्ने राय दिनुभयो ।
- Management Team को Regular Evaluation System को व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो ।
- बढी कमाउ बढी खाउ भन्ने सिद्धान्तमा काम हुनुपर्ने उहाँको भनाई पेश गर्नुभयो ।

## १०) श्री इन्द्र कृष्ण श्रेष्ठ

- बैंकले जग्गा खरिद गरिसकेको हुंदा अव छिट्टै २/३ वर्षमा बैंक भवन भित्र नै AGM गर्नु पर्ने आशा व्यक्त गर्नुभयो ।
- विदाको दिन AGM गरेकोमा खुशी व्यक्त गर्नुभयो ।
- कर्मचारी Retain गर्न आवश्यक सुविधा थप्दै जानुपर्ने राय दिनुभयो ।
- शेयर लाभांश लिन बाँकी शेयरधनीहरुको नामावली AGM को बेला थाहा दिए राम्रो हुने राय दिनुभयो ।

## ११) श्री रामगोपाल महर्जन

- Bonus Share र Right Share दिनुभएकोमा धन्यवाद दिनुभयो ।
- बैंकको आफ्नो भवन बनाउन लागेको हुँदा खुशी लाग्यो तथा यस्ता भवन बनाउन स्थानिय निकाय तथा अन्यबाट नचाहिने खिचलोहरु आउन सक्ने हुदा यथाशिघ्र भवन बनाउन आग्रह गर्नुभयो ।
- शाखा खोल्दा सुरक्षा सम्बन्धमा विशेष ध्यान दिनुपर्ने आग्रह गर्नुभयो ।
- ATM को सविधा प्रयोग गर्दा लाग्ने शुल्क हटाइदिन आग्रह गर्नुभयो ।
- Debit Card नेपालमा मात्र हैन India तिर पनि प्रयोगमा ल्याउन सक्ने व्यवस्था मिलाउन आग्रह गर्नुभयो ।
- Himalayan Distillery को शेयर यथाशिघ्र Dispose गर्नु पर्ने राय दिनुभयो ।
- Fraction Share को परिमाण कम गर्ने व्यवस्था हुन आग्रह गर्नुभयो ।
- Staff Retain गर्ने व्यवस्था हुन पनि विशेष आग्रह गर्नुभयो ।
- DCBL को Goodwill भैसकेको हुंदा यस सुहाउँदो नाम राख्न पनि राय दिनुभयो ।

## १२) श्री लिलाधर तिवारी

- बैंकको नाम परिवर्तनमा Commercial Bank भैसकेपछि Development शब्द झिकी Credit Bank मात्र राख्ने हो की भन्ने राय दिनुभयो ।
- Commercial Bank भैसकेपछि (कस्तो Strategy लिने), Investment Policy, Portfolio Management आदिको Strategy के हो सो स्पष्ट हुन जरुरी छ सो बारे जानकारी दिएको भए अझ राम्रो हुने थियो ।

- Shareholder को लागि विशेष कार्यक्रमको व्यवस्था गरि कर्जा उपलब्ध गराउने कार्य भएमा अझ राम्रो हुने देखिएकोले यस बारे पनि व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो ।
- सातौं AGM बाट स्विकृत १२% बोनसको पनि घोषित Right Share मा १:३ लिन पाउने नपाउने बारे जानकारी माग गर्नभयो ।
- E-Banking को प्रविधी पनि भित्र्याउन सकिने होकी जिज्ञासा राख्नुभयो ।
- Hydro-Sector मा लगानी बारे सोच राख्नु पर्ने सुझाव दिनुभयो ।
- Lending Risk मा Collateral बारे विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

**श्री सुधीर खत्रीज्यू (प्रमुख कार्यकारी अधिकृत) ले उल्लेखित विभिन्न वक्ताहरूको जिज्ञासा निवारणको सिलसिलामा निम्न जानकारीहरु दिनुभयो :**

- यो बैंकको सम्पूर्ण कामकारवाही Transparent भएको हुँदा कुनै लुकिछिपी गर्नु नपर्ने व्यहोरा स्पष्ट भएको जानकारी दिनुभयो ।
- यो सालमा भएको योजना तथा सम्पूर्ण कार्य बैंकको स्तर बृद्धिमै केन्द्रित गरिएको व्यहोरा जानकारी गराउनु भयो ।
- बैंकको स्तर बढ्नुको साथै पुँजी बृद्धि, खर्च बृद्धि आदिको कारणले आउँदो साल नाफा आर्जन पुँजी बृद्धिको अनुपातमा नबढे पनि Net Earnings यो सालभन्दा कम नहुने विश्वास दिलाउनुभयो । तर लाभांशको लागि शेयरधनीहरुले केही समय प्रतिक्षा गर्नु पर्ने जानकारी गराउनुभयो ।
- बैंकको Professional Director को सम्बन्धमा कोही पनि संचालक कुन पक्षबाट आएकोभन्दा सञ्चालकको रुपमा निजको काम नीति निर्धारण र आवश्यकता अनुसार सल्लाह तथा निर्देशन दिने भएकोले बैंकमा रहेका सबै संचालकहरु जस्तै नीजबाट पनि यथोचित योगदान भैरहेको व्यहोरा जानकारी गराउनु भयो ।
- नेपाल राष्ट्र बैंकको स्थलगत प्रतिवेदनमा उल्लेख भएका सम्पूर्ण बुँदाहरु प्रकाशनमा ल्याउन व्यवहारिक कठिनाइ भएको बारे जानकारी दिनुभयो ।
- शेयरधनीको लाभांश नीजहरुका खाता खोली राख्ने बारे बैंकले प्रयास गर्दा पनि विभिन्न कारणले सो आशा गरे अनुरुप सफल हुन नसकेको व्यहोरा खुलाउनु भयो ।
- Corporate Social/Responsibility सम्बन्धमा यस बैंकबाट यो साल Rotary Club सँग मिलेर Wheel Chair, विद्यार्थीलाई सहयोग हुने Projects मा पनि थुप्रै कार्यहरु गरिएको व्यहोरा जानकारी दिनुभयो ।
- यो बैंकको शुरु देखिकैं Performance सन्तोषजनक भएको र प्रत्येक साल यथोचित लाभांश वितरण गर्दै आएको सन्दर्भमा यस बैंकको वित्तीय सूचकांकहरु यस्तै खालका अन्य बैंकसँग तुलना गर्नु मात्र उचित हुने स्पष्ट पार्नुभयो ।
- Himalayan Distillery को शेयरको सन्दर्भमा पूर्णप्रयास गर्दा पनि हालसम्म Dispose गर्न नसकेको कुरा स्वीकार गर्नुभयो र अव कुनै Private पार्टीबाट यस Distillery को छिनो–फानो हुने बुझिएकोले केहि समय कुर्नुपर्ने व्यहोरा पनि जानकारी दिनुभयो ।
- Development Bank हुँदा पनि नयाँ–नयाँ Scheme ल्याउदै गरेको यस बैंकले अब Commercial Bank मा परिणत भएपछि नयाँ Scheme निश्चयनै ल्याउने हिसाबमा रहेको ।

- काठमाडौंस्थित नयाँ सडकमा पहिलो पल्ट महिलाले मात्र संचालन गरेको बैंकको शाखाबाट अपेक्षा अनुरुप Deposit Collection भएको व्यहोरा पनि जानकारी गराउनु भयो ।
- भवन निमार्णको सन्दर्भमा ठेकेदारको छनौट कार्य Final Stage मा भएको हुँदा करिव २ वर्षभित्र बन्ने आशा व्यक्त गर्नुभयो ।
- Retained Earnings को रकम अहिले नै बाँड्नु भन्दा आउँदो २०६७ सालसम्ममा बैंकको पुँजी बृद्धि गर्दा बोनस शेयरको रुपमा उपयोग हुन सक्ने व्यहोरा खुलस्त पार्नुभयो ।
- बैंक शाखा खोल्नको लागि ५/६ ठाउँमा स्विकृती प्राप्तिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिइने उल्लेख गर्नुभयो ।
- यस बैंकले Remittances, L/C, Foreign Exchange Transaction को लागि न्युयोर्कस्थित Standard Chartered Bank मा NOSTRO A/C खोली सकेको व्यहोरा उल्लेख गर्नुभयो ।
- Foreign Exchange कारोवार सुदृढ तथा छिटो संचालनको लागि आवश्यक SWIFT (Society for World-Wide Inter-Bank Financial Communication) को सदस्यता प्राप्त गर्न पनि आवश्यक कारवाही सम्पन्न भैसकेको व्यहोरा जानकारी दिनुभयो ।
- वाणिज्य बैंकको लाइसेन्स प्राप्त हुने बेलासम्ममा विदेशी मुद्रा सम्बन्धी कारोवारको लागि चाहिने पुर्वाधारहरु यस बैंकमा सुलभ भैंसक्ने बारे जानकारी दिनुभयो ।
- Zero Balance मा खाता खोल्ने सम्बन्धमा राम्ररी अध्ययन गरि यस बारे बैंक सकारात्मक रहने त्रजानकारी दिनुभयो ।
- ATM को सुविधा केवल ग्राहकहरुलाई प्रदान गरिने एउटा सुविधामात्र हो । यसको प्रयोगबाट बैंकलाई नगन्य फाइदामात्र भएको व्यहोरा स्पष्ट पार्नुभयो ।
- Commission Based Business मा बढावा गर्नको लागि Commercial Bank को रुपमा धेरै सजिलो हने हुँदा Remittances, L/C Business, Foreign Exchange Business, Bank Guarantee आदिमा Focus गर्ने खुलासा गर्नुभयो ।
- अहिलेको परिस्थितिमा Lending भन्दा Deposit Marketing बढी आवश्यक छ र शेयरधनीहरुबाट पनि Deposit गर्न हुन समेत आग्रह गर्नुभयो ।
- नेपाल राष्ट्र बैंकको टिप्पणीमा खास कुनै प्रतिक्रिया दिनु पर्ने खालको बुँदा नभएको उल्लेख गर्नुभयो ।
- Mutual Fund, Portfolio Management, Investment Banking आदि बारे ध्यान दिन प्राप्त रायको सन्दर्भमा अब Commercial Bank को License प्राप्त भएपछि बैंक र देशको परिस्थिती हेरी आवश्यक कामहरु गर्दै जाने व्यहोरा जानकारी दिनुभयो ।
- सबै राम्रा र नराम्रा बैंकहरुबाट पनि ISO को प्रमाणपत्र प्राप्त गरेको सन्दर्भमा पहिलो पटक उक्त Certificate लिएको यस बैंकले अव यसमा निरन्तरता नदिने र KYC (Know Your Customer) को धारणा अनुरुप काम गर्दै जाने व्यहोरा जानकारी गराउनुभयो ।
- Profit Centered Branches खोल्ने सम्बन्धमा अध्ययन भैरहेको व्यहोरा जानकारी गराउनुभयो ।
- Security सम्बन्धमा हाल बैंक रहेका भवनमा अन्य संस्थाहरुको पनि आ-आफ्ना Security व्यवस्था भएको हुँदा यसबारे Co-ordination गरि अझ मजवुत हुन सक्ने र यस कार्यको लागि कञ्जुस्याइ गर्न नहुने विचार प्रष्ट गर्नुभयो । साथै बैंकको नयाँ सडकमा रहेको Branch मा नयाँ Technology मा आधारित Security व्यवस्था Experiment को रुपमा लागू भैरहेको व्यहोरा खुलाउनुभयो ।

- डाइरेक्टर/सञ्चालकको परिचय वार्षिक प्रतिवेदन पुस्तिकामा संस्थापन, संस्थागत, व्यवसायीक तथा साधारण शेयरधनी बारे आउँदो सालदेखि सो स्पष्ट गरी प्रकाशनमा ल्याउने जानकारी दिनुभयो ।
- DCBL को नाउँको सन्दर्भमा यो नाउँबाट राम्रो Goodwill बनाई सकेको हुँदा वित्तीय संस्था भन्ने शब्द हटाइ नाउँ यथावत राख्न बैंकको प्रस्तावना भएको व्यहोरा खुलाउनु भयो ।
- नेपाल राष्ट्र बैंकको परिभाषा अनुसार शेयर धितो राखी लिइएको ऋण (अर्थात Margin Lending) को रकम करिव रु. ७ करोड मात्र भएको जानकारी गराउनुभयो ।
- बैंकले आव्हान गरेको हकप्रद शेयर बैंकको चुक्ता पुँजी रु. २६,८८,००,०००।– मा ३ गुणा गरिएको मात्र हो । आजको AGM मा प्रस्तावित १२% बोनस शेयर यसभित्र समावेश नहुने स्पष्ट जानकारी दिनुभयो ।
- यस वार्षिक प्रतिवेदनमा उल्लेखित Non-Banking Asset गत महिना अगावै बिक्री भै हिसाब मिलान भैसकेको व्यहोरा जानकारी गराउनुभयो ।
- यो बैंक Commercial Bank मा Upgrade भैसकेपछि पनि Commercial Bank हरूको समुहमा राम्रो Position मा आउन सक्ने प्रतिबद्धता जनाउनुभयो ।

**श्री कृष्णलाल महर्जनज्यू (अध्यक्ष) बाट वक्ताहरुको जिज्ञासामा निम्न थप जानकारी दिनुभयो :**

- अग्राधिकार शेयरको सम्बन्धमा यस बैंकबाट आगामी वर्षहरुमा पुँजी बृद्धिको लागि बोनस शेयरलाई ग्राह्यता दिई बैकल्पिकरुपमामात्र अग्राधिकार शेयरको उल्लेख गरिएको जानकारी गराउनुभयो ।
- आउँदो २ वर्षभित्रै बैंकको आव्हान अनुरुप हकप्रद शेयरमा शेयरधनीबाट यथोचित अग्रसरता देखाई तोकिएको रकम प्राप्त हुने देखिएमा अग्राधिकार शेयरको प्रयोग आवश्यक नहुने व्यहोरा समेत जानकारी गराउनभयो ।
- Fraction Share को हकमा पूर्व बोनस शेयरबाट बाँकी रही लेखांकन गरिएको दशमलब (Fraction) लाई हाल प्रदान हुने १:३ को हकप्रद शेयर अनुसार गुणन गर्दा दशमलबमा आएमा सो वापत एक शेयरको हक प्राप्त हुने जानकारी दिनुभयो तथा पुनः बाँकी हुन आउने Fraction को लेखांकन (Record) बैंकमा व्यवस्थित गरी राखिने व्यहोरा जानकारी गराउनुभयो ।

## निर्णयहरू :

सभापतिले साधारण सभामा छलफलका विषयसूचीहरु निर्णयको लागि पेश गर्नुभयो र सभाले प्रत्येक प्रस्तावलाई करतलध्वनीका साथ पारित गरे पछि निम्न अनुसार निर्णय भएको घोषणा गर्नुभयो ।

**क) सामान्य प्रस्तावः**

१) सातौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन सर्वसम्मतीबाट पारित भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६४ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०६३/६४ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण समेत छलफल पश्चात सर्वसम्मतीबाट पारित भयो ।

३) आर्थिक वर्ष २०६४/०६५ को लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकमा हालकै लेखापरीक्षक श्री आर. बज्राचार्य एण्ड कम्पनीलाई नै साविक रु. ७०,०००/- पारिश्रमिकमा नियुक्ती दिने निर्णय भयो ।

४) बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने सम्बन्धी सामान्य प्रस्ताव र सो सम्बन्धी प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावमा निम्नानुसार निर्णय गरियो ।

- बैंकको जारी पुँजी वर्तमानमा रु. १ अरब १० करोड रहेकोमा रु. २ अरब पुऱ्याउने निर्णय भयो ।
- बैंकको चुक्ता पुँजी रु.२६ करोड ८८ लाख भएकोमा हाल प्रस्तावित १२% बोनस शेयर तथा १:३ हकप्रद शेयर जारी गरि रु. १ अरब १० करोड ७४ लाख ५६ हजार पुऱ्याउने निर्णय भयो ।
- सो सम्बन्धी परिवर्तन प्रवन्धपत्र तथा नियमावलीमा पनि संशोधन गर्ने निर्णय भयो । (विषेश प्रस्तावको निर्णय नं. ३ मा समावेश)

## ख) विशेष प्रस्तावः

१) सञ्चालक समितिले पारित गरेबमोजिम बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव र सोको लाभांश करको प्रयोजनको लागि नगद लाभांश स्वीकृत गर्ने सम्बन्धी सामान्य प्रस्तावमा निम्नानुसार निर्णय गरियो ।

- आ.व. २०६३/०६४ को नाफा-नोक्सान विवरण बमोजिम चुक्ता पुँजी रु. २६ करोड ८८ लाखको १२ प्रतिशत रु. ३ करोड २२ लाख ५६ हजारको बोनस शेयर जारी गर्ने तथा नेपाल सरकारलाई लाभांश कर तिर्नु पर्ने रकम रु. १६,९७,६८४/- लाभांश रकम स्विकृत गर्ने निर्णय भयो ।

उक्त बोनस शेयर जारी गर्दा थुप्रै शेयरहरु दशमलवभन्दा कमको संख्यामा आउने भई केही व्यवहारिक कठिनाई उत्पन्न भएकोमा निम्नानुसार समायोजना गर्ने व्यवस्था गर्ने ।

१) १ कित्ता शेयरसम्मको मात्र शेयर प्रमाणपत्र बन्ने र दशमलवभन्दा पछाडिको शेयर प्रत्येक शेयरधनीको नाममा यस बैंकको अभिलेखमा रहिरहने गरी कायम गर्ने ।

२) भविष्यमा प्राप्तहुने बोनस, लाभांश तथा हकप्रद शेयरमा समेत दशमलवभन्दा पछाडिको शेयरको समेत प्रतिफल प्राप्त हुने गरी अधिकार कायम रहने ।

३) भविष्यमा किनबेच भई वा बोनस, लाभांश तथा हकप्रद शेयर जारी भई दशमलवभन्दा पछाडिको शेयर जोडिई आएको अवस्थामा न्युनतम १ कित्ता शेयर बनेमा मात्र प्रमाणपत्र जारी गरिने ।

४) बिक्री गरी वा अन्य कुनै तरिकाले हकहस्तान्तरण गरेमा दशमलवभन्दा पछाडिको शेयरपनि स्वतः हस्तान्तरण हुने र भएको शेयर टुक्रा गरी बिक्री गरेमा अन्तिम टुक्रासंगै मात्र हस्तान्तरण हुने ।

५) शेयरवालाको नाममा रहेको दशमलव शेयरको सम्बन्धमा सम्बन्धित शेयरवालाले चाहेमा अर्को शेयरवालासंग रहेको दशमलव शेयरमा मिलान गरी पूरा कित्तामा परिणत गरी प्रमाणपत्र प्रदान गर्न सकिने ।

२) अधिकृत पुँजी बृद्धि तथा नाम संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव र सो सम्बन्धी प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावमा निम्नानुसार निर्णय गरियो ।

- बैंकको अधिकृत पुँजी हाल रु.१ अरब १० करोड भएकोमा रु.२ अरब पुऱ्याउने निर्णय भयो ।
- बैंकको नाम हाल "डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड (विकास बैंक)" भएकोमा "डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड" राख्ने निर्णय भयो ।
- सोहि बमोजिमको परिवर्तनलाई प्रबन्धपत्र तथा नियमावलीमा समेट्ने गरि संशोधन गर्ने निर्णय भयो । (विशेष प्रस्तावको निर्णय नं. ३ मा समावेश)

३) 'क' वर्गको वाणिज्य बैंकमा स्तर बृद्धि हुने तथा सोको लागि आवश्यक पर्ने पुँजी, उद्देश्य, कार्यक्षेत्र, नाम परिवर्तन लगायत यावत काम कारवाही समेट्ने गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्तावमा निम्नानुसार निर्णय गरियो ।

- हाल 'ख' वर्गको "विकास बैंक" को रुपमा कार्यरत यस बैंकलाई 'क' वर्गको "वाणिज्य बैंक" मा स्तर बृद्धि गर्ने प्रस्ताव सर्वसम्मत्तिबाट पारित भयो ।
- स्तर बृद्धिको लागि आवश्यक पर्ने पुँजी, उद्देश्य, कार्यक्षेत्र, नाम परिवर्तन तथा सामान्य प्रस्तावको दफा ४ र विशेष प्रस्तावको दफा २ मा उल्लेखित पुँजी संरचना समेत समेट्ने गरी निम्नबमोजिम प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने निर्णय गरियो ।

---

**प्रबन्धपत्र तर्फ :**

प्रबन्धपत्रको विभिन्न दफाहरुमा उल्लेखित "डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेडको" पछाडि उल्लेखित "विकास बैंक" भन्ने शब्दहरु हटाउने र संस्थालाई जनाउने "विकास बैंक" भन्ने शब्दहरुको सट्टा "बैंक" भन्ने शब्द प्रयोग गर्ने ।

## दफा ५. बैंकको पुँजी संरचना

बैंकको अधिकृत पुँजीको अङ्क, पुँजी संरचना र विभिन्न प्रकारको शेयर संख्या देहाय बमोजिम हुनेछ :

क) बैंकको अधिकृत पुँजी रु.२,००,००,००,०००/- (अक्षरेपी रु. दुई अरबमात्र) हुनेछ । उक्त पुँजीलाई रु. १००/- का दरले २,००,००,०००/- (दुई करोड थान) साधारण शेयरमा विभाजित गरिएको छ ।

ख) बैंकको जारी पुँजी रु.२,००,००,००,०००/- (अक्षरेपी रु. दुई अरबमात्र) हुनेछ ।

ग) बैंकको चुक्ता पुँजी हाललाई रु. १,१०,७४,५६,०००/- (अक्षरेपी रु. एक अरब दश करोड चौहत्तर लाख छपन्न हजारमात्र) हुनेछ ।

**दफा ४. बैंकको उद्देश्य प्राप्तिका लागि गरिने कार्यहरु:**

यस बैंकले दफा ३ वमोजिमको उद्देश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुन, कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुनमा उल्लेख भए वमोजिम "क" वर्गको इजाजत प्राप्त बैंकले गर्न पाउने कारोवारहरुको अलावा देहायका कामहरु गर्न सक्नेछ ।

**दफा ४. (द):** प्रचलित ऐन कानुनहरुको अधिनमा रहि सामुहिक लगानी कोष (Mutual Fund), ट्रष्टी (Trustee), योजना व्यवस्थापक (Scheme Manager), डिपोजिटरी (Depository), मर्चेण्ट बैंकिङ्ग (Merchant Banking) इत्यादी कार्यहरु गर्ने ।

**दफा ४. (ध):** यस उपदफामा उल्लेखित कुनै पनि कारोवार बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुनको दफा ४७ सँग बाँझिन गएमा बाझिएको हदसम्म सो रद्द भएको मानिनेछ तथा दोहोरो पर्न गएमा उल्लेखित कानुनमा उल्लेख भए बमोजिम लागू भएको मानिने छ ।

**दफा ७. (छ):** समुह "ग" अन्तर्गतका साधारण शेयरहरुको हक हस्तान्तरण गरी लिँदा वा दिंदा कुनै पनि शेयरवालाको स्वामित्वमा न्युनतम् १० कित्ता शेयर रहनु पर्नेछ । यस समुहका हरेक शेयरवालाको स्वामित्वमा कुल चुक्ता पुँजीको अधिकतम १% (एक प्रतिशत) भन्दाबढी शेयरहरु कायम हुनेगरी नामसारी दाखिल खारेज गरिने छैन ।

तर बोनस शेयर वा हकप्रद शेयर जारी गरेको कारणले गर्दा १० कित्ताभन्दा कम शेयर रहने अवस्था आइपरेमा सञ्चालक समितिले छुट्टै स्विकृति दिन सक्नेछ ।

**नियमावली तर्फ :**

नियमावलीको विभिन्न दफाहरुमा उल्लेखित "डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेडको" पछाडि उल्लेखित "विकास बैंक" भन्ने शब्दहरु हटाउने र संस्थालाई जनाउने "विकास बैंक" भन्ने शब्दहरुको सट्टा "बैंक" भन्ने शब्द प्रयोग गर्ने ।

**दफा ३१. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधासम्बन्धी व्यवस्था**

(१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :

(क) दैनिक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्षरुपमा संलग्न सञ्चालकले मात्र सञ्चालक समितिले निर्धारण गरेबमोजिमको मासिक पारिश्रमिक पाउने छ ।

(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने भत्ता आ.व. २०६४/०६५ देखि लागू हुने गरी निम्न बमोजिम हुनेछ ।

| | |
|---|---|
| १. अध्यक्ष | - प्रतिबैठक भत्ता रु. १०,०००/- |
| २. सदस्य | - प्रतिबैठक भत्ता रु. ७,०००/- |
| ३. पर्यवेक्षक/आमन्त्रित/सचिव | - प्रतिबैठक भत्ता रु. ७,०००/- |

(ग) बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भम्रण भत्ता बैंकको आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा सञ्चालकहरुलाई समेत साविकमा निम्नानुसार व्यवस्था भए बमोजिम हुनेछ र समितिले बेलाबेलामा आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा गर्ने परिवर्तन अनुसार हुनेछ :

| प्रतियात्रा भत्ता र सुविधा | मुलुकभित्र ने.रु. | भारत भा.रु. | सार्कमुलक अमेरिकी डलर | अरु मुलुक अमेरिकी डलर |
|---|---|---|---|---|
| अ) दैनिक भत्ताः | १,५०० | १,५०० | १०० | १५० |

आ) भ्रमण भत्ताः भ्रमणको साधनको वास्तविक बिल अनुसार ।

इ) होटल खर्चः वास्तविक बिल रकम (सबै कर सहित) वा अधिकतम् रकम सिमा जुन कम हुन्छ । बिल पेश गर्न नसकेको खण्डमा उल्लेखित रकमको ५०% मात्र होटेल खर्च दिइने छ ।

| अधिकतम् रकम सिमा | | | | |
|---|---|---|---|---|
| | ३,००० | ५,००० | ३०० | ४०० |

ई) अन्य खर्चको लागि भत्ताः दैनिक भत्ताको ५०%

उ) एयरपोर्ट कर, भिसा शुल्क तथा वीमाः वास्तविक बिल अनुसार

(घ) अन्य सुविधा साधारण सभाले समयसमयमा निर्धारण गरेबमोजिम हुनेछ ।

क) बैंकको तृतिय वार्षिक साधारण सभाले पारित गरे बमोजिम समितिको अध्यक्षलाई निम्नानुसार बैंकको आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा साबिकमा व्यवस्था भए अनुसार निम्न बमोजिम अन्य भत्ता सुविधाहरु प्रदान गरिने छ :

१. परिवहन सुविधा
२. रू.५ लाखको जीवन वीमा (हाल उपभोग नभएको)
३. रू.१५ लाखको दुर्घटना वीमा (हाल उपभोग नभएको)
४. टेलिफोन/विद्युत सुविधा मासिक रू. १५,०००/-

ख) आर्थिक वर्ष २०६४/०६५ देखि लागू हुने गरि देहाय बमोजिम सञ्चालकहरुलाई टेलिफोन / विद्युत सुविधा प्रदान गरिने छ :

सदस्य - प्रतिमहिना रू. ३,०००/-

– साथै उपरोक्त बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधन तथा 'क' वर्गको "वाणिज्य बैंक" को रुपमा दर्ता हुने क्रममा श्री कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकबाट आवश्यक ठहर्‍याईएको थपघट तथा अदलवदललाई मन्जुरी स्वीकृती प्रदान गर्नसक्ने पूर्ण अधिकार सञ्चालन समितिलाई दिने निर्णय भयो ।

**ग) विविधः**

विविध शिर्षक अन्तर्गत कसैबाट पनि सभामा छलफल गर्नुपर्ने विषय समय भित्र प्राप्त हुन नआएकोले सभापतिज्यूले उपरोक्त व्यहोरा जानकारी गराउनुभयो ।

अन्तमा सभापतिज्यूले यस सम्मानित साधारण सभामा ठूलो संख्यामा उपस्थित हुनु भएका शेयरधनी महानुभावहरु तथा अमूल्य सल्लाह एवं बैंकलाई उत्थान गर्न रचनात्मक सुझाव प्रदान गर्ने वक्ता महानुभावहरुलाई धन्यवाद दिनुभयो । त्यसै गरी यो सातौं साधारण सभाको व्यवस्था गर्न संलग्न कर्मचारी, स्वयंसेवक उपलब्ध गराई दिने Kathmandu College of Management, सुरक्षा सम्बन्धी व्यवस्थाका निकायहरु एवं बैंकलाई हरवखत सहयोग पुर्‍याउनु हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार कार्यालय, धितोपत्र बोर्ड, नेपाल धितोपत्र विनिमय बजार लिमिटेड, प्रज्ञा भवनका सम्बन्धित कर्मचारीहरु एवं बैंकका संचालकहरु तथा सल्लाहकारले पुर्‍याउनु भएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुभयो ।

अन्तमा सभापतिज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| द. ____________________ | द. ____________________ |
| श्री नारायणलाल श्रेष्ठ | श्री कृष्णलाल महर्जन |
| (कम्पनी सचिव) | (अध्यक्ष) |